# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २३ | काठमाडौं | बुधबार, ०२ जेठ २०८१ | Prabhab National Daily | Wednesday, May 15, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**तातो हावा 'लु' का असर तथा लक्षण**

- हृदयको गति तीव्र हुने,
- श्वासप्रश्वास र रक्तचाप कम हुने,
- शरीरबाट पसिना ननिस्कने,
- टाउको अत्याधिक दुख्ने,
- चक्कर लाग्ने, अचेत हुने,
- १०४ डिग्री फरेनहाइट भन्दाबढी ज्वरो आउने,
- छाला सुख्खा, रातो र तातो हुने,

**यस्ता असरहरू देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


**सन्दर्भः वैदेशिक रोजगार**

नीति तथा कार्यक्रममा वैदेशिक रोजगार

## श्रम कूटनीति बढाउनेदेखि 'रिटर्नी उद्यमशीलता कार्यक्रम'सम्म

- वैदेशिक रोजगारसम्बद्ध कानुनलाई परिमार्जन गरिने
- अभिमुखीकरण तालिमलाई निःशुल्क बनाउने घोषणा
- सीपविना वैदेशिक रोजगारीमा जाने अवस्थाको अन्त्य गरिने
- 'रिटर्नी उद्यमशीलता कार्यक्रम' कार्यान्वयन गरिने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित गर्ने विषयलाई प्राथमिकता दिएको छ । मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा श्रम कूटनीतिदेखिवैदेशिकरोजगारसम्बन्धी कानुन परिमार्जनलगायतका विषयलाई प्राथमिकतामा राखिएको छ ।

वैदेशिक रोजगारीको क्षेत्र पहिल्याउन श्रम कूटनीतिलाई थप सक्रिय बनाउँदै लैजाने नीति तथा कार्यक्रममा उल्लेख छ । श्रम कूटनीतिकै माध्यमबाट विभिन्न मुलुकसँगको श्रम सम्झौताको पुनरावलोकन तथा थप गन्तव्य मुलुकसँग श्रम सम्झौता तथा समझदारी गरिने उल्लेख छ ।

यसैगरी वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन भइरहेको वैदेशिक रोजगारसम्बद्ध कानुनलाई परिमार्जन गरिने बताइएको छ । जसको माध्यमबाट वैदेशिक रोजगारीलाई थप सुरक्षित, व्यवस्थित र उपलब्धिमूलक बनाउन मर्यादित श्रम रणनीति लिइने उल्लेख छ । यसैगरी नीति तथा कार्यक्रममार्फत सरकारले श्रम गन्तव्यको स्थानान्तरण र वैदेशिक रोजगारीमा जानुपूर्व दिइने अभिमुखीकरण तालिमलाई क्रमशः निःशुल्क बनाउने घोषणा गरेको छ । साथै सीपविना वैदेशिक रोजगारीमा जाने अवस्थाको अन्त्य गर्ने र उच्च दक्षता आवश्यक पर्ने तोकिएको वैदेशिक रोजगारीको क्षेत्रमा जाने श्रमिकका लागि प्रस्थानपूर्व फरक प्रकृतिको अभिमुखीकरण तालिम दिने व्यवस्था मिलाइने भएको छ ।

वैदेशिक रोजगारलाई स्थानीय तहका रोजगार केन्द्रमार्फत समन्वय र सहजीकरण गर्ने व्यवस्था मिलाइने उल्लेख गरिएको छ । वैदेशिक रोजगारीमा जान चाहने नागरिकलाई निःशुल्क बैंक खाता खोल्न र सोही खातामार्फत विप्रेषण स्वदेशमा ल्याउन प्रोत्साहित गर्ने नीति अघि सारिएको छ ।

वैदेशिक रोजगारबाट फर्केका नागरिकका सीप र व्यावसायिक दक्षताका आधारमा उद्यमशीलता विकास तथा रोजगारी सिर्जना गर्न प्रदेश तथा स्थानीय तह एवं वैदेशिक रोजगार बोर्डसमेतको संलग्नतामा व्यवसाय सञ्चालन गर्न 'रिटर्नी उद्यमशीलता कार्यक्रम' कार्यान्वयन गर्ने नीति तथा कार्यक्रममा समेटिएको छ । वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई उद्यमशीलता विकास गरी स्थानीय तहमा लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन र स्तरोन्नति गर्ने बताइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

**सरकारको नीति तथा कार्यक्रम**

# न परम्परागत, न महत्त्वाकांक्षी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले ल्याएको नीति तथा कार्यक्रममा आशा जगाउने योजना न्यून देखिएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दा कुनै उत्साह देखिएन । बरु 'प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम' को बुँदा वाचन गर्दा प्रधानमन्त्री पुष्पकमल दाहालले नै हाँसो रोक्न सकेनन् ।

एक त राष्ट्रपति पौडेलको पौने दुई घण्टा लगाएर टीठलाग्दो पाठ, अर्को २१७ बुँदामा कुनै आशलाग्दो योजना नभेटेपछि कतिपय सांसद बीचमै निदाएका देखिन्थे । अघिल्ला सरकारका कार्यक्रमहरूलाई जोडजाड गरी बुँदा बढाएर प्रस्तुत गरिएका योजनाहरू न त परम्परागतजस्तो देखियो न त महत्त्वकांक्षी नै । विश्लेषकहरूले नै यो नीति तथा कार्यक्रमलाई कसरी समीक्षा गर्ने भेउ पाउन सकेनन् । 'आगामी आर्थिक वर्षका लागि बजेट ल्याउन नीति तथा कार्यक्रम सार्वजनिक भएको छ । नीति तथा कार्यक्रमअनुसार बजेट विनियोजन हुनुपर्छ,' नीति तथा कार्यक्रमबारे नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले अमूर्त टिप्पणी गरे ।

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रमुख सचेतक सन्तोष परियारले सरकारका कार्यक्रम खिचडी भएको टिप्पणी गरे । 'यो एक हदसम्म परम्परवादी पनि हो । तर केही कुरा नयाँ छन्,' परियारले भने । सरकारमा एउटै दलमात्र नभएकालेले विभिन्न दलका विचार हाबी हुँदा यस्तो भएको उनको भनाइ थियो । 'यो हामीले मात्र ल्याएको होइन । मन्त्रालयगत हेर्नुपर्छ । हामीले वाचापत्रमा भनेको केही कुरा यसमा आएका छन्,' परियारले भने ।

(क्रमशः पृष्ठ २ मा)



**संसद्को संयुक्त बैठकमा मंगलबार सरकारको नीति तथा कार्यक्रम वाचन गर्दै राष्ट्रपति रामचन्द्र पौडेल ।**
*तस्बिरः रासस*

## यी हुन् नीति तथा कार्यक्रमका मुख्य योजना

- सहकारीको सुपरीवेक्षण र नियमनका लागि विशिष्टीकृत नियामक निकाय स्थापना गरिने । सहकारी बचत तथा कर्जा सुरक्षण कोष, सहकारी कर्जा सूचना केन्द्र र सहकारी कर्जा असुली न्यायाधीकरणमार्फत सहकारी क्षेत्रको बचत तथा लगानीको सुरक्षा गरिने ।
- बन्द तथा रुग्ण अवस्थामा रहेका सार्वजनिक संस्थान सम्भाव्यताको आधारमा सार्वजनिक-निजी साझेदारी वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन र सञ्चालन गरिने ।
- तीनवटै तहका सरकार, निजी क्षेत्र, सहकारी र समुदायको साझेदारीमा 'उत्पादन र रोजगारीका लागि साझेदारी' कार्यक्रम सञ्चालन गरिने ।
- आर्थिक वर्ष २०८१/८२ को दशकलाई 'कृषिमा लगानी दशक' घोषणा गरी सरकारी, निजी, सहकारी तथा विकास साझेदारको लगानी वृद्धि गरिने ।
- आगामी आर्थिक वर्ष नेपालको कन्ट्री रेटिङ सम्पन्न गरिने ।
- फलफूल नर्सरी र बेर्ना रोपणलाई व्यापक रूपमा बिस्तार गरी पाँच वर्षभित्र देशलाई फलफूलमा आत्मनिर्भर बनाइने । दुई वर्षभित्र पशुपन्छी तथा मत्स्य उत्पादनमा पूर्ण आत्मनिर्भरता हासिल गरिने ।
- हिमाली क्षेत्रमा भेडाबाख्रा, च्यांग्रा, चौंरीलगायतका पशुपालन एवं स्याउ, ओखरजस्ता फलफूल र जडीबुटीका ठूला फार्म सञ्चालन गर्न 'हिमाल समृद्धि कार्यक्रम' सञ्चालन गरिने ।
- डढेलो, सुख्खा, बाढी व्यवस्थापन र जल पुनर्भरण गर्न चुरे क्षेत्र र भित्री मधेसका स्थानीय तहहरूमा स्थानीय सामग्री प्रयोग गरी कम्तीमा १० वटा जलाशय निर्माण गरिने ।
- जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका राष्ट्रिय नीति तथा कार्ययोजना कार्यान्वयन गरिने । 'जलवायु परिवर्तन, हिमाल र मानवजातिको भविष्य' विषयमा अन्तर्राष्ट्रिय संवाद आयोजना गरिने । जलवायु परिवर्तनबाट परेका असरलाई एकीकृत र सन्तुलित रूपमा सम्बोधन गर्न 'राष्ट्रपति जलवायु परिवर्तन व्यवस्थापन कार्यक्रम' सञ्चालन गरिने ।
- हलिउड तथा बलिउडलगायतका अन्तर्राष्ट्रिय चलचित्र निर्मातालाई नेपालमा चलचित्र छायांकनका लागि आकर्षित गरी चलचित्र पर्यटन प्रवर्द्धन गरिने ।

(क्रमशः पृष्ठ २ मा)

विगतमा नीति तथा कार्यक्रम र बजेटको तालमेल मिलेन भन्ने गुनासो आउँथ्यो यसपटक त्यस्तो हुँदैन । अहिले नीति तथा कार्यक्रम जे आएको छ, राम्रो आएको छ । यसैलाई समर्थन गर्ने गरी बजेट आउँछ र त्यो बजेटमार्फत यसको कार्यान्वयन हुन्छ ।

**वर्षमान पुन**
**अर्थमन्त्री**

नीति तथा कार्यक्रम निजी क्षेत्रलाई प्रोत्साहन दिने किसिमको आएको छ । नीति तथा कार्यक्रमअनुसार बजेट विनियोजन हुनुपर्छ । सरकारले १६औं योजनामा आधारित भएर पनि यो नीति तथा कार्यक्रम ल्याएकाले यसले धेरै क्षेत्रहरूलाई समेटेको छ । यसैअनुरूप लगानीको व्यवस्था हुन उत्तिकै जरूरी छ ।

**चन्द्र ढकाल**
**अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ**

नीति तथा कार्यक्रम अर्थतन्त्रलाई सुधार गर्नेभन्दा पनि थप क्षयीकरणतर्फ लैजाने खालको आएको छ । यो नीति तथा कार्यक्रमबाट सुधारको आशा गर्न सकिन्न ।

**डा. प्रकाशशरण महत**
**पूर्वअर्थमन्त्री**

युवालाई रोजगारीसँग जोड्ने र खेतीयोग्य जमिनलाई उपयोगको नीतिलाई प्रोत्साहित गरेको छ । विदेशबाट फर्किएका युवालाई उद्योगमा जोड्ने कार्यक्रम ल्याइएको छ । छोरीहरूलाई सशक्तीकरण कार्यक्रम ल्याइएको छ । यी कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट आउँछ या आउँदैन भन्ने सवाल छ ।

**महेश बर्तौला**
**प्रमुख सचेतक, नेकपा एमाले**

यसपटक ठूला विषय नराखी क्रमिक सुधार हुनेगरी ल्याइएको छ । दर्जनौं क्रमिक सुधारका विषय राखिएका छन्, बजेटसँगै यो कार्यान्वयनमा आउँछ ।

**डा. स्वर्णिम वाग्ले**
**उपसभापति, रास्वपा**

नीति कार्यक्रम जनतालाई उत्साह दिने र वर्तमान राजनीतिक अवस्थालाई सम्बोधन गर्नेखाले छैन । संसद्मा पेस गर्नुपर्ने औपचारिकता सीमित भएको देखियो ।

**राजेन्द्र पाण्डे**
**नेता, एकीकृत समाजवादी**

## राष्ट्रपतिलाई धन्यवाद दिन कांग्रेसको अवरोध

**काठमाडौं (प्रस)–** निरन्तर संसद् अवरुद्ध गरिरहेको प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस मंगलबार सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिन तयार भयो । र, राष्ट्रपति रामचन्द्र पौडेलले संसद्को संयुक्त बैठकमा सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रम वाचन गरे ।

तर, राष्ट्रपतिलाई धन्यवाद दिने कार्यसूचीसहित दोस्रो पटक बोलाइएको प्रतिनिधिसभा र राष्ट्रि सभा दुवैको बैठक कांग्रेसले अवरोध गऱ्यो । कांग्रेसको अवरोधपछि राष्ट्रपतिलाई धन्यवाद दिनसमेत पाएन । दुवै सदनको बैठक बिहीबारका लागि आह्वान गरिएको छ ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### न परम्परागत ...

अर्थतन्त्रमा सुधार आएको, रोजगारी बढाउने भन्नेजस्ता दाबी नीति तथा कार्यक्रममा गरिएको छ। जबकि अघिल्लो नीति तथा कार्यक्रममा पनि 'युवासँग सरकार, हुने छैनन् बेरोजगार कार्यक्रम' समावेश थियो। उक्त कार्यक्रमअन्तर्गत पाँच लाख युवालाई रोजगार बनाउने सरकारको वाचा थियो । तर अहिले देशमा रोजगार नपाएर युवाहरू विदेश पस्न लर्को लागेको देखिन्छ ।

कृषिमा लगानी बढाउने, फलफूलमा आत्मनिर्भर हुने विषयहरू सरकारले एक दशकअघिबाट सुनाउँदै आएका कार्यक्रम हुन् । अझ रोचक त के छ भने यति धेरै दल मिलेर बनेको सरकारले हजार जना युवालाई 'स्टार्टअप' व्यवसायका लागि ऋण दिने कार्यक्रम ल्याएको छ । सत्तारुढ दलका कार्यकर्ता पाल्न लक्षित यस्ता कार्यक्रम विगतबाटै असफल हुँदै आएका छन् भने यस्ता आयोजनाको रकम दुरूपयोग बढ्दो छ ।

सरकारको नीति तथा कार्यक्रम झूठको पुलिन्दा भएको पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतको आरोप छ । 'नीति कार्यक्रममा भनाइ र गराइ फरक छ । अर्थतन्त्र थप क्षयीकरण हुने देख्छु । यो नीति कार्यक्रम कार्यान्वयन होलाजस्तो लाग्दैन,' महतले भने ।

सत्तारुढ दल एकीकृत समाजवादीका नेता राजेन्द्र पाण्डेले नीति तथा कार्यक्रम उत्साह जगाउने खालको नभएको आरोप लगाए । 'नीति कार्यक्रम जनतालाई उत्साह दिने र वर्तमान राजनीतिक अवस्थालाई सम्बोधन गर्नेखाले छैन,' पाण्डेले भने । सत्तारुढ दल एमालेले भने नीति तथा कार्यक्रम राम्रो भन्दै बचाऊ गरेको छ । 'युवालाई रोजगारीसँग जोड्ने र खेतीयोग्य जमिनलाई उपयोगको नीतिलाई प्रोत्साहित गरेको छ । विदेशबाट फर्किएका युवालाई उद्योगमा जोड्ने कार्यक्रम ल्याइएको छ,' एमालेका प्रमुख सचेतक महेश बर्तौलाले भने, 'छोरीहरूलाई सशक्तीकरण कार्यक्रम ल्याइएको छ । यी कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट आउँछ या आउँदैन भन्ने सवाल छ ।'

अर्थमन्त्री वर्षमान पुनले भने प्रतिपक्षी र आलोचकलाई बजेटमार्फत यसको जवाफ दिने बताए । 'विगतमा नीति तथा कार्यक्रम र बजेटको तालमेल मिलेन भन्ने गुनासो आउँथ्यो यसपटक त्यस्तो हुँदैन,' अर्थमन्त्री पुनले भने, 'अहिले नीति तथा कार्यक्रम जे आएको छ, राम्रो आएको छ । यसैलाई समर्थन गर्ने गरी बजेट आउँछ र त्यो बजेटमार्फत यसको कार्यान्वयन हुन्छ ।'

■■■

### राष्ट्रपतिलाई धन्यवाद...

उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने मुछिएको सहकारीको बचत अपचलन प्रकरणको छानबिन गर्न सरकारले संसदीय समिति गठन नगरेपछि प्रमुख प्रतिपक्षी कांग्रेसले संसद् बैठक अवरुद्ध गरेको हो । प्रधानमन्त्री पुष्पकमल दाहालले सहकारीको समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाउँदै नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिन आग्रह गरेपछि कांग्रेस तयार भएको थियो। तर, प्रधानमन्त्रीले प्रतिबद्धताअनुसार समिति गठनमा पहल नगरेको कांग्रेसको आरोप छ ।

कांग्रेस सहमहामन्त्री जीवन परियारले अहिलेसम्म सरकारले विपक्षीलाई नसुनेको र सुन्न बाध्य बनाउने बताए । 'हामीले संसदको हिउँदे अधिवेशनदेखि नै छानबिन समिति गठन गरौं भन्यौं तर सरकारले चासै राखेन,' उनले प्रभावसँग भने, 'यसपटक कांग्रेसले सरकारले सुन्नेगरी बोल्छ ।' प्रधानमन्त्री दाहालले मंगलबार बिहान बालुवाटारमा कांग्रेस महामन्त्री गगनकुमार थापा र प्रमुख सचेतक रमेश लेखकलाई बोलाएका थिए । त्यसक्रममा थापा र लेखकलाई राष्ट्रपतिको सम्बोधन अवरोध नगर्न र छानबिन समिति गठन गर्न तयार रहेको बताएको नेता लेखकले बताएका छन् । छानबिन समिति गठनलाई बटमलाइन बनाउँदै कांग्रेस सांसदहरूले सरकारको आलोचनासमेत गरे ।

उसो त सोमबार नै प्रधानमन्त्री दाहाल समग्र सहकारी समस्याबारे छानबिन गर्ने गरी समिति गठन गर्न सकिनेबारे सकारात्मक थिए । तर, पनि प्रमुख सत्तारुढ दल एमालेका अध्यक्ष केपी शर्मा ओली र आरोपित लामिछाने समिति गठनमा अझैसम्म तयार छैनन् । जसले गर्दा कांग्रेस थप आक्रमक बनेको हो ।

प्रधानमन्त्री दाहाल पनि रवि लामिछानेकेन्द्रित छानबिन समिति गठन गर्न नहुने पक्षमा छन् । बरु, उनले समग्र सहकारी समस्याबारे छानबिन गर्न समिति गठनको औचित्य रहने बताउने गरेका छन् । 'प्रधानमन्त्रीले व्यक्ति विशेषमाथि छानबिन गर्नेतिर नजाऔं, समग्र सहकारीमा देखिएका समस्याको छानबिन गर्न सकिन्छ र सरकारले गरिरहेको पनि छु भन्नुभएको छ,' दाहालका प्रेस सल्लाहकार गोविन्द आचार्यले भने ।

■■■

### श्रम कूटनीति...

सरकारले नीति तथा कार्यक्रममार्फत आगामी आर्थिक वर्ष कम्तीमा एक हजार लघु, घरेलु तथा साना उद्योगीलाई ब्याजमा अनुदान तथा प्रविधि उपलब्ध गराउने जनाएको छ ।

**आन्तरिक रोजगारको क्षेत्रमा पनि सम्बोधन**

सरकारले नीति तथा कार्यक्रममार्फत आन्तरिक (स्वदेश) रोजगारीको क्षेत्रलाई पनि सम्बोधन गरेको छ । श्रमबजारमा उपलब्ध जनशक्तिलाई दक्ष र प्रतिस्पर्धी बनाउँदै बजारको मागअनुसार उत्पादनशील रोजगारी प्रवर्द्धन गर्ने योजना अघि सारिएको छ । रोजगार व्यवस्थापन र सीप विकासका लागि एकीकृत राष्ट्रिय रोजगार ढाँचा कार्यान्वयनमा ल्याउने र सञ्चालनमा रहेका व्यावसायिक तथा सीप विकास तालिम केन्द्रलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप स्तरोन्नति गरिने उल्लेख छ ।

रोजगार तथा स्वरोजगारसँग सम्बन्धित प्रधानमन्त्री युवा रोजगार कोष, सीप विकास तथा रोजगार प्रवर्द्धनलगायतका कार्यक्रमलाई एकीकृत गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइने नीति तथा कार्यक्रममा जनाइएको छ । प्रदेशमा निजी क्षेत्रसमेतको सहकार्यमा बहुप्राविधिक शिक्षालय स्थापना गर्ने बताइएको छ । साथै, बेरोजगारी र रोजगारीको अवसरको पूर्ण अभिलेखसहित रोजगारी खोज्ने र प्रदान गर्नेबीच सेतुको सम्बन्ध स्थापित गर्न राष्ट्रिय सीप विकास तथा रोजगार प्राधिकरणको संस्थागत व्यवस्था मिलाउने घोषणा गरिएको छ ।

यसैगरी योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको दायरा विस्तार गर्ने उल्लेख गरिएको छ । सरकारी तथा संगठित क्षेत्रमा कार्यरत अस्थायी, करार, ज्यालादारी कर्मचारीका एवं अनौपचारिक क्षेत्रका श्रमिकलाई पनि सामाजिक सुरक्षामा आबद्ध गराउने सरकारको लक्ष्य रहेको छ । साथै हाल छरिएर रहेका सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत रूपमा व्यवस्थापन गर्ने नीति लिइएको छ । सरकारले श्रम निरीक्षणलाई प्रभावकारी बनाई सरकारी र निजी प्रतिष्ठानमा अनिवार्य श्रम अडिट गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने भएको छ ।

# यी हुन् नीति तथा कार्यक्रमका मुख्य योजना

- जानकी मन्दिरलगायतका महत्त्वपूर्ण सम्पदालाई विश्वसम्पदा सूचीमा समावेश गर्न पहल गरिने । बुद्ध परिपथ, शिव परिपथ, रामायण परिपथ, किरात सांस्कृतिक परिपथको मार्ग निर्धारण गरी पर्यटन प्रवर्द्धन गरिने ।
- पूर्व-पश्चिम विद्युतीय रेलमार्गको बर्दिवास-चोचा खण्डको निर्माण सम्पन्न गरिने । केरुङ-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरिने । रक्सौल-काठमाडौं रेलमार्गको लगानी विधि निर्क्योल गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाइने ।
- बूढीगण्डकी र नलसिङगाड जलाशययुक्त आयोजनाको निर्माण कार्य अगाडि बढाइने ।
- महिलालाई आर्थिक रूपमा सक्षम, सबल र सशक्त बनाउन 'प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम' सञ्चालन गरिने । सबै प्रहरी चौकीमा महिला सहायता कक्षको व्यवस्था गरिने ।
- ज्येष्ठ नागरिकलाई स्थानीय तहमार्फत घरमा नै नियमित स्वास्थ्य परीक्षण एवं औषधि उपलब्ध गराउने व्यवस्था मिलाइने ।
- आगामी पाँच वर्षभित्र सबै बालबालिकालाई आधारभूत शिक्षा प्राप्त हुने सुनिश्चित गरिने । गुणस्तरीय शिक्षामा सबैको पहुँच वृद्धि गर्न 'एक पालिका एक स्मार्ट विद्यालय' अवधारणा कार्यान्वयनमा ल्याइने ।
- वैदेशिक रोजगारबाट फर्केका नागरिकका सीप र व्यावसायिक दक्षताका आधारमा उद्यमशीलता विकास तथा रोजगारी सिर्जना गर्न प्रदेश तथा स्थानीय तह एवं वैदेशिक रोजगार बोर्डसमेतको संलग्नतामा व्यवसाय सञ्चालन गर्न 'रिटर्नी उद्यमशीलता कार्यक्रम' कार्यान्वयन गरिने ।
- नेपालको आफ्नै भू-उपग्रह स्थापना गर्ने कार्य अघि बढाइने। डेटा सेन्टरको निर्माण र सञ्चालनसम्बन्धी मापदण्ड तयार गरिने । सूचना प्रविधि राष्ट्रिय ज्ञानपार्क स्थापनाको कार्य अगाडि बढाइने ।
- विभिन्न विषय क्षेत्रका एक हजार प्रतिभावान युवालाई फेलोसिप उपलब्ध गराउने व्यवस्था मिलाइने ।
- राष्ट्रिय परिचयपत्र प्रणालीलाई राज्यबाट प्रवाह हुने सबै प्रकारका नागरिक सेवासुविधासँग आबद्ध गरिने। नागरिक सेवासँग सम्बन्धित सबै सरकारी विद्युतीय प्रणालीलाई नागरिक एपमा आबद्ध गरी मोबाइलबाटै अधिकांश सेवा लिन सकिने व्यवस्था मिलाइने ।
- शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायसम्बन्धी बाँकी काम शीघ्र सम्पन्न गरिने । शान्ति प्रक्रिया र द्वन्द्व रूपान्तरणका क्रममा भएका सहमति, समझदारी एवं सम्झौताको एकीकृत अभिलेख तयार गरिने । जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलनलगायत विभिन्न राजनीतिक परिवर्तनको आन्दोलनका घाइते तथा अपांगको सूची अद्यावधिक गर्न र समस्याको दिगो समाधान गर्न उच्चस्तरीय समिति गठन गरिने।
- मेलम्ची खानेपानी आयोजनाबाट बाह्रै महिना खानेपानी आपूर्ति हुने व्यवस्था मिलाई काठमाडौं उपत्यकाको चक्रपथबाहिर र भक्तपुर जिल्लाको अरनिको राजमार्गसँग जोडिएका क्षेत्रमा क्रमशः खानेपानी आपूर्ति गरिने । काठमाडौं उपत्यकाको खानेपानी समस्याको दिगो समाधान गर्न शिवपुरी राष्ट्रिय निकुञ्जलगायतका जलाधार क्षेत्रमा रहेका स्रोतबाट पानी संकलन गरी वितरण गर्ने प्रबन्ध मिलाइने।
- प्रवासमा बस्ने नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्न आवश्यक कानुनी एवं व्यवस्थापकीय प्रबन्ध मिलाइने ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/११/१० गते विहान अ. ११:०० बजेको समयमा ललितपुर जिल्ला महालक्ष्मी न.पा.वडा नं ९ ढुङ्गेनी लामाटारस्थित बाटोमा पार्किङ राखेको NS Pulsar 200 CC को ग्रे कलरको मोटरसाइकल हराएकोले देख्नुहुने/भेट्नुहुने वा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नंमा सम्पर्क गरिदिनुहोला ।

नाम : गगन धिमाल
बाइक नं.: बा .प्र.०२०२२ प ७१५६
च्यासिस नं.: MD2A36FX9LCJ81860
इन्जिन नं. : JLXCL153501
ठेगाना: मेलम्ची-१, सिन्धुपाल्चोक
सम्पर्क: ९७६१६४९१९७

**निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) हराएको सूचना**

मिति २०८०/०१/२८ गते कलंकीदेखि कालीमाटीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको सक्कली निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

तपसिल
नाम : गिता वल्लभ नेपाल
फोन : ९८४३७४३८६३
ठेगाना : विरेन्द्रनगर-१, चितवन
व्य. नं. : १५६६०२
दर्ता नं. : ३११
अधिकार पत्र नं. ५८१२८१
दर्जा : जम.क.
यूनिट : श्री उपत्यका प्रतना हे.क्वा.
अवकाश मिति : २०७०/०५/०२
हकवालाको नामथर : विनिता नेपाल

**नाम परिवर्तन सम्बन्धि सूचना**

तेस्रो पटक प्रकाशित मिति २०८१/०२/०२

मिति २०८१/०१/७ मा साविकको नाम नेको फुड्स प्रा.लि. परिवर्तन भई कोने फुड्स प्रा.लि. भएको जानकारी गराउँदछु ।

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष ११ अंक २२ जेठ १ गते २०८१ मा प्रकाशित All Asia Overseas Pvt.ltd को Lot No. 304680 को Saudi Aac Block Company कम्पनीको विज्ञापनमा Loading And Unloading Worker को पुरुष कामदारको संख्या ४ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ।

All Asia Overseas Pvt.Ltd
श्रम इजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

**बीमालेख हरायो**

मिति २०८०/०१/३० गते कलंकीदेखि रत्नपार्क सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण-पत्रहरु साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : संगीता पौडेल
बीमालेख नं : ११००१३२५७
Life Insurance Corporation (Nepal) Ltd
ठेगाना : भिमढुंगा
सम्पर्क नं : ९८४१३८३९२९

**नाम परिवर्तन सम्बन्धि सूचना**

तेस्रो पटक प्रकाशित मिति २०८१/०२/०२

मिति २०८१/०१/१८ मा साविकको नाम जुनी ईम्पेक्स प्रा.लि. परिवर्तन भई याक एन्ड नाक कलेक्सन्स प्रा.लि. भएको जानकारी गराउँदछु ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६२/०६/१३ मा दर्ता भएको प्रा.लि. नं. ३६६२४ को **जे. इन्टरप्राइजेज प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/१९/०५ मा प्रा.लि. नं.१७४४८६ मा दर्ता भएको **ट्रिनिटी सेल्स एण्ड सर्भिस प्रा.लि.** को मिति २०८१/०१/३१ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ (**पैतीस**) दिनभित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयमा **हक दावी** गर्न सम्बन्धित सबैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर** : शेर बहादुर रोकाया (इजाजत नं.२८७)
बबरमहल, काठमाडौं, फोन नं.९८४१३४०४०३

**काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०२/०२

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७९/०८० मा संकलन भएर उत्पादन भइ घाटगद्दी गरी राखिएको **साल** जातको ग्रेड A को गोलिया थान ३९ को ८४७.६१ क्युफिट, ग्रेड B को गोलिया थान १२४ को २०६७.०७, ग्रेड C को गोलिया थान ८४ को ८१२.१६ क्युफिट काठ, ग्रेड D को गोलिया थान १ को ७.४९ क्युफिट काठ गरी जम्मा थान २४८ को ३७३४.३३ क्युफिट काठ हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीले गोलिया काठ दाउराको सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**लाटोमष्टा सामुदायिक वन उपभोक्ता समूह**
**मोहन्याल-६ , कैलाली**

**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस Advance Recruitment Service Pvt. Ltd. (ई.प.नं.४४४/०६०/०६१)मा कार्यरत Kalpana Rai (Passpport No. PA2666999) ले आफ्नो व्यक्तिगत काम विशेषका कारण हाल यस कार्यालयमा कार्यरत नरहेको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Advance Recruitment Service Pvt. Ltd. श्रम इजाजत नं. ४४४/०६०/०६१
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना**

(प्रकाशन मिति २०८१ साल जेठ महिना २ गते बुधबार)

प्रकेस गुरुङको नाति, पासाङ्ग गुरुङको छोरा, बाग्मती प्रदेश, धादिङ जिल्ला नीलकण्ठ न.पा. वडा नं १४ बस्ने वर्ष ६८ को पद्मनाभ प्रपन्नाचार्यको मिति २०८०/०९/१२ मा मृत्यु भएकोले निजको नाममा यस विकास बैंक लि. को शाखा कार्यालय धरानमा रहेको बचत तथा मुद्दती खातामा भएको निक्षेप रकम भुक्तानी पाउँ भनी धरानमा बस्ने श्री विष्णु प्रसाद ढकालले निवेदन दिनुभएकोले उक्त रकममा निज निवेदक बाहेक अन्य कोही कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ (२) बमोजिम अग्राधिकारवाला हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विकास बैंकको शाखा कार्यालय धरानमा सबुत प्रमाण सहित दावी निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र प्राप्त नभएको र रीत नपुगेको निवेदन उपर कुनै कारवाही नहुने र म्याद भुक्तान पश्चात कसैको दावी परेमा निवेदकको दावी बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np
Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

**मनाङ वेभरेजेज प्रा. लि.**
मनाङ डिस्याङ्ग गा.पा.-१, पिसाङ, भ्राताङ, मनाङ
भ्याट नं.: ६०९७१६७०८
अन्तशुल्क इजाजत नं.: २२०१०१०६७९७

**मनाङ वेभरेजेज प्रा. लि. द्वारा उत्पादित वाइनहरूको मूल्यसूची सम्बन्धी सूचना**

यस उधोगद्वारा उत्पादित निम्न ब्राण्डका वाइन नेपाल अधिराज्यभरी मिति २०८१/०२/०२ गते देखि लागु हुने गरि निम्न बमोजिम मुल्यमा विक्रि वितरण गरिने भएकोले सम्बन्धित सबैको जानकारिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| ब्राण्डको नाम | प्याकेजिङ्ग | नेशनल डिस्ट्रब्युटर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | नेशनल डिस्ट्रब्युटर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | डिस्ट्रब्युटर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | डिस्ट्रब्युटर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | होलसेल मुल्य मु.अ.कर समेत प्रति कार्टुन | होलसेल कमिशन मु.अ.कर समेत प्रति कार्टुन | रिटेलर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | रिटेलर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | उपभोक्ता मुल्य मु.अ.कर समेत प्रति कार्टुन | उपभोक्ता मुल्य मु.अ.कर समेत प्रति एकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Manang Valley Premium (Sweet) | १२x७५० एम एल | ८३७५/- | ८००/- | ९१७५/- | ७००/- | ९८७५/- | ५००/- | १०३७५/- | १९२५/- | १२३००/- | १०२५/- |
| Manang Valley Premium (Semi Sweet) | १२x७५० एम एल | ८३७५/- | ८००/- | ९१७५/- | ७००/- | ९८७५/- | ५००/- | १०३७५/- | १९२५/- | १२३००/- | १०२५/- |

नोटः उल्लेखित मुल्यमा आवश्यकता अनुसार व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरु सोधभर्ना उपलब्ध गराउन सकिनेछ ।

**Mandandeupur Municipality**
**Office of Municipal Executive**
**Mahadevsthan, Kavre**
**Bagmati Province, Nepal**

**INVITATION FOR ONLINE BIDS**

**(Date of Publication: 15th May 2024)**

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system **www.bolpatra.gov.np/egp.**

| S/n | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount Nrs. | Cost Estimate (Excluding Vat & Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1 | Waste Management and Dumping Site Construction | 34/Works/NCB/ MDM/080/81 | 14/06/2024 12:00 hrs. | 14/06/2024 13:00 hrs | Nrs.3,000 | Nrs. 4,67,000.0 | Nrs. 1,62,59,697.90 |

**Chief Administrative Officer**

स्थानिय सरकार
**मध्यपुर थिमि नगरपालिका**
मध्यपुर थिमि, भक्तपुर

**कार्यगत अभ्यास सहितको तालिम कार्यक्रम अन्तर्गत पेशागत बिल्डिङ इलेक्ट्रिसियन तह २ तालिमको निःशुल्क तालिमको अवसर**

मध्यपुर थिमि नगरपालिकाको आयोजना तथा आर्थिक सहयोग र दिगो तथा सम्मानित रोजगारीको लागि सीप परियोजना (ENSSURE) को प्राविधिक सहयोगमा यस वर्ल्ड लिङ्क टेक्निकल ट्रेनिङ्ग इन्स्टिच्यूट प्रा.लि. द्वारा **मध्यपुर थिमि नगरपालिका वडा नं ६** मा सञ्चालन हुन लागेको निःशुल्क १० महिने (१६९६ घण्टा) पेशागत बिल्डिङ्ग इलेक्ट्रिसियन विषयको तालिम लिन इच्छुक व्यक्तिहरूले यस सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवेदन दिनुहुन अनुरोध गरिन्छ।

**न्युनतम आवश्यक योग्यताः**
- १८ वर्ष पूरा भई महिलाको हकमा ४० वर्ष र पुरुषको हकमा ३५ वर्ष ननाघेका नेपाली नागरिक।
- कम्तीमा कक्षा ८ पास।
- पेशागत कार्य प्रकृतिको आधारमा काम गर्न सक्ने हुनु पर्ने।
- सम्बन्धित विषयमा पहिले तालिम नलिएकोलाई प्राथमिकता दिइने।

**आवश्यक कागजातः**
- नेपाली नागरिकताको प्रतिलिपि २ थान
- पासपोर्ट साईजको फोटो २ थान

**आवेदन फारमका लागि सम्पर्कः**
१. मध्यपुर थिमि नगरपालिकाको तर्फबाट
धन गिरी, शिक्षा, युवा तथा खेलकुद शाखा, फोन नं ०१-६६३७६५२, ९८४७८३८२३०
२. तालिम प्रदायकको तर्फबाट
मञ्जु शाह, कार्यक्रम संयोजक, फोन नं ९८४९०११९१०

प्राविधिक सहयोग ENSSURE

**तालिम प्रदायक संस्था**
**वर्ल्ड लिङ्क टेक्निकल ट्रेनिङ इन्स्टिच्यूट प्रा.लि.**
गोगबु, टोखा नगरपालिका, वडा नं १०, काठमाडौं
फोन नं - ०१-४९५०८३८
इमेलः worldlink_tti@yahoo.com
वेभसाइटः www.worldlink.org.np

"हाम्रो कला, हाम्रो संस्कृतिः मध्यपुर थिमि, हाम्रो सम्पत्ति"

# नयाँ बानेश्वरमा 'फल्चा' शैलीको प्रतीक्षालय सञ्चालनमा



**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले नयाँ बानेश्वरमा निर्माण गरेको यात्रु प्रतीक्षालय 'फल्चा' मंगलबारदेखि सञ्चालनमा आएको छ । यहाँ एकै किसिमका दुई फल्चा निर्माण भएका छन् ।

नयाँ बानेश्वरबाट बबरमहलतर्फ आउने सडकखण्डमा प्रतीक्षालय सञ्चालनमा आएको हो । यस्तै बबरमहलबाट नयाँ बानेश्वरतर्फको सडकखण्डमा रहेको प्रतीक्षालय आउँदो महिनाभित्र सञ्चालनमा आउने काठमाडौं महानगरपालिका-१० का वडाध्यक्ष रामकुमार केसीले जानकारी दिए । उनले भने, 'हामीले परम्परागत शैली प्रयोग गरेर नमूना प्रतीक्षालय बनाएका छौं, यस्ता संरचना राजनीतिक आन्दोलनको मारमा पर्न हुँदैन ।'

फल्चा निर्माणमा स्थानीयवासी सहभागी भएकाले यसको संरक्षण गर्न उनीहरूले निगरानी गर्ने निर्माण समितिका संयोजक एवं वडा सदस्य सतीश तण्डुकारले बताए । 'यसमा नगर प्रहरीले पनि सहयोग गर्ने छ', उनले भने । महानगर प्रहरी बल पूर्वक्षेत्रका प्रमुख नगर प्रहरी उपरीक्षक दिनेशराज अर्यालले भने, 'सार्वजनिक सम्पत्तिको संरक्षण हाम्रो जिम्मेवारी हो । हामी यस्ता सम्पत्तिको दुरूपयोग हुन दिँदैनौं ।'

झण्डै ६२ लाख रूपैयाँको लागतमा फल्चा निर्माण गरिएको वडाध्यक्ष केसीले बताए । यसमा कलात्मक थाम, निदाल र दलिनको प्रयोग गरिएको छ । बस्नका लागि काठकै मेच राखिएका छन् । बिसौनीभित्र बत्ती जडान गरिएका छन् । आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले काठमाडौं महानगरभित्र प्रतीक्षालयका रूपमा 'फल्चा' निर्माण गर्ने प्रतिबद्धता जनाएका थिए ।

महानगरले परम्परागत फल्चा निर्माण गर्न चालु आर्थिक वर्षमा आन्तरिक स्रोतबाट खर्च गर्नेगरी सम्पदा तथा पर्यटन विभागअन्तर्गत सम्पदा पूर्वाधार शीर्षकमा पाँच करोड रूपैयाँ विनियोजन गरेको थियो । काठमाडौं उपत्यकाको पाटन, कीर्तिपुर र भक्तपुरमा बढी मात्रामा फल्चाको प्रयोग भएको पाइन्छ ।

# पुनर्निर्माणका लागि ६३ अर्ब ५८ करोड लाग्ने

**काठमाडौं–** विभिन्न समयमा गएका तीनवटा भूकम्पका कारण क्षतिग्रस्त संरचना पुनर्निर्माणका लागि ६३ अर्ब ५८ करोड रूपैयाँ लाग्ने प्रारम्भिक अनुमान गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गरेको प्रारम्भिक क्षति मूल्यांकनमा झण्डै ५८ अर्ब रूपैयाँको क्षति भएको र त्यसको पुनर्निर्माणका लागि साढे ६३ अर्ब रूपैयाँभन्दा बढी लाग्ने अनुमान गरिएको हो ।

प्राधिकरणका नीति, योजना तथा अनुगमन महाशाखाका प्रमुख भरतमणि पाण्डेका अनुसार प्रारम्भिक रूपमा अध्ययन गरेर पुनर्निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाइसकिएको जानकारी दिए । गत कात्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर ६.४ रेक्टर स्केलको भूकम्प गएको थियो । उक्त भूकम्पमा परेर १५४ जनाको मृत्यु भएको थियो भने ३६६ जना घाइते भएका थिए । गत असोज १६ गते बझाङमा ५.३ रेक्टरस्केलको भूकम्प जाँदा एक जनाको मृत्यु र ३० जना घाइते भएका थिए । त्यसअघि २०७९ कात्तिक २२ मा डोटीमा ६.६ रेक्टरको भूकम्प जाँदा छ जनाको मृत्यु र आठ जना घाइते भएका थिए ।

ती तीनै वटा भूकम्पबाट ९५ हजार ७८७ घर क्षति भएको विवरण छ । ती घरमा कूल ४३ अर्ब ३९ करोड रूपैयाँ क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । त्यसबाहेक २०४ वटा विद्यालय भवन, ७० सरकारी र सार्वजनिक भवन, ११ वटा सांस्कृतिक सम्पदा, झण्डै २०० किलोमिटर सडक र १२१ वटा सिंचाई आयोजनामा क्षति पुगेको थियो । सबैभन्दा बढी मानवीय र भौतिक क्षति जाजरकोट भूकम्पले गराएको थियो । उक्त भूकम्पमा मात्रै ८६ हजारभन्दा बढी घर क्षति भएका छन् ।

प्राधिकरणले गरेको प्रारम्भिक मूल्यांकनमा निजी आवास, सरकारी भवन, स्वास्थ्य, शिक्षा र तथा सांस्कृतिक भवनको पुनर्निर्माणका लागि ५२ अर्ब ४६ करोड रूपैयाँ, अन्य पूर्वाधार क्षेत्र पुनर्निर्माणका लागि सात अर्ब १८ करोड रूपैयाँ, उत्पादनशील क्षेत्रका लागि एक अर्ब ७३ करोड रूपैयाँ र अन्य गरेर कूल ६३ अर्ब ५८ करोड रूपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ ।

सोही आधारमा पुनर्निर्माणको आवश्यक प्रक्रिया अघि बढाउन थालिएको छ । जाजरकोट, बझाङ र डोटीलाई केन्द्रबिन्दु बनाएर गएको भूकम्पका कारण क्षति भएका निजी आवास, सार्वजनिक भवन र अन्य भौतिक संरचनाहरूको प्रबलीकरण, पुनर्निर्माण र पुनःस्थापनाको योजना तर्जुमा गर्न विस्तृत क्षति आकलनको अवधारण स्वीकृत गरी बजेटका लागि अर्थ मन्त्रालयमा सहमति माग्ने निर्णय यसअघि नै भइसकेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले यसअघि गृहमन्त्री अध्यक्ष रहेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले 'विपद् प्रभावितको निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि, २०८१' स्वीकृत पनि गरिसकेकाले अब पुनर्निर्माणका काम अघि बढाइने जानकारी दिए । यसपटक लाभग्राही कायम गरी 'क', 'ख' र 'ग'मा वर्गीकरण गरिने र आवास पुनर्निर्माणको काम अघि बढाइने उनले बताए ।

कार्यविधिमा स्थानीय तहलाई बढी जिम्मेवार बनाइएको छ। क्षतिको प्रारम्भिक लेखाजोखा स्थानीय तहले गर्ने छ । क्षति आकलन पनि पहिलो प्राथमिकतामा स्थानीय तहलाई नै दिइएको छ । उसले नसकेमा स्थानीय तहलाई प्रदेश र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले समन्वय गर्ने छ । स्थानीय तहबाट आएको विवरणका आधारमा विश्लेषण गरी स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले लाभग्राही पहिचान र कायम गर्ने छ । त्यसपछि लाभग्राही र वडाध्यक्षबीच सम्झौता हुने छ । सम्झौताको दुई वर्षभित्रमा पुनर्निर्माण सक्नेगरी कार्यविधि तयार पारिएको छ । *रासस*

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HONEY YARD SNACKS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०२/०१ LT. No. 304743 चलानी नं.६०२१९५००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER CAR | 2 | 0 | 135 | ५८,६२२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/Waitress | 0 | 6 | 120 | ५२,१०८ | | | | | | | |

कम्पनी : AL HAMRA HOTEL COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०२/०१ LT. No. 304744 चलानी नं.६०२१९५०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF/COOK | 8 | 0 | 180 | ७८१६३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | DRIVER / LIGHT DRIVER | 2 | 0 | 135 | ५८,६२२ | | | | | | | |
| 3 | Steward/Kitchen Helper | 10 | 0 | 90 | ३९०८१ | | | | | | | |
| 4 | Waiter/Waitress | 10 | 6 | 130 | ५६४५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ९ गते (22nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL AELLA HEALTHCARE

पूर्व स्वीकृति मिति २०८१/०१/३० LT. No. 304063 चलानी नं. ६०२१९५०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse | 0 | 7 | 4200 | १५४,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ९ गते (22nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALPINE CONTRACTING & SERVICES

पूर्व स्वीकृति मिति: २०८०/१०/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०१ LT. No. 299674 चलानी नं. ६०२१४५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Mason | 2 | 0 | 1200 | ४३,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 2 | 0 | 1200 | ४३,७७० | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 1200 | ४३,७७० | | | | | | | |
| 4 | Decoration Technician | 2 | 0 | 1500 | ५४,७१५ | | | | | | | |
| 5 | Decorator | 0 | 1 | 1200 | ४३,७७० | | | | | | | |
| 6 | Labour | 4 | 0 | 1000 | ३६,४७५ | | | | | | | |
| 7 | Mason | 2 | 0 | 1200 | ४३,७७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ९ गते (22nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE GREEN TRADING CONTRATING AND HOSPITALITY W.L.L

विज्ञापन स्वीकृति मिति २०८०/१०/१४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०१ LT. No. 298925 चलानी नं: ६०२१३८८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1100 | ४०,१७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 2000 | ७३,०५२ | | | | | | | |
| 3 | Foreman | 2 | 0 | 2500 | ९१,३१६ | | | | | | | |
| 4 | MASON | 3 | 0 | 1100 | ४०,१७९ | | | | | | | |
| 5 | Representative | 1 | 0 | 2500 | ९१,३१६ | | | | | | | |
| 6 | Supervisor | 2 | 0 | 2500 | ९१,३१६ | | | | | | | |
| 7 | Technician | 3 | 0 | 1500 | ५४,७८९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ९ गते (22nd May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**ROSEBUD HUMAN RESOURCE PVT. LTD**
श्रम ईजाजत नं. १६६५/०८०/८१
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal
Tel.: +977-1-4597366, 9804816174, 9801186932, 9801041128
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Abdul Wahid Mohammad Bin Abdul Wahab Al Ghamdi

पूर्व स्वीकृति मिति २०८१/०२/०१ | LT. No. 304720 | चलानी नं. ६०२१९५०७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FURNITURE ASSEMBLER | 1 | 0 | 1200 | ६२७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ९ गते (22nd May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Target Consultant Human Resources Pvt. Ltd.**
TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

# प्रभाव दैनिक





**रहेनन् इतिहासकार ज्ञानमणि**

इतिहासकार ज्ञानमणि नेपालको ९२ वर्षको उमेरमा निधन भएको छ । मुटु र मिर्गौलासम्बन्धी रोगबाट पीडित उहाँको उपचारका क्रममा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल परिसरस्थित मनमोहन कार्डियोभास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरमा निधन भएको हो । इतिहासकार नेपालका भाइ एकमणि नेपालले दिएको जानकारी अनुसार उनको पशुपतिस्थित आर्यघाटमा अन्तिम संस्कार गरिएको छ । इतिहासकार नेपालका दुई छोरा छन् ।




बुधबार ०२, जेठ २०८१ (Wednesday, May 15, 2024)


**नीति तथा कार्यक्रम**

# हलिउड र बलिउडका निर्मातालाई आकर्षित गरिने



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले हलिउड तथा बलिउड फिल्मका निर्मातालाई नेपालमा फिल्म छायांकनका लागि आकर्षित गर्ने नीति लिने भएको छ ।मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसदको संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै अगामी आर्थिक वर्षमा चलचित्र पर्यटन प्रवर्धन गर्न हलिउड तथा बलिउड चलचित्र छायांकनका लागि निर्मातालाई आकर्षित गरिने बताएका हुन् ।

अघिल्लो सरकारले ल्याएको बजेटमा पनि यो कुरा उल्लेख थियो । चलचित्र विकास बोर्डले पनि यो कार्यक्रमको कार्यान्वयनको लागि नेपालको लोकेसन विदेशमा चिनाउने र फेस्टिभल आयोजना गर्दै आइरहेको थियो । तर, नेपालमा विदेशी फिल्म छायांकनको ब्यस्थापन गर्ने मेकर चाहिँ यदि नेपाललाई छायांकन गन्तव्य थलोको रूपमा विकास गर्ने हो भने अनुदान र सहुलियत ल्याउनुपर्ने बताउँछन् ।

# ‘मोदीबेनी’ साउन १८ मा रिलिज हुने



**काठमाडौं (प्रस)–** फिल्म ‘मोदीबेनी’ आगामी श्रावण १८ गते रिलिज हुने भएको छ । निर्माता दिलीप केसीले बितरसँगको सल्लाह अनुसार श्रावण १८ उपयुक्त मितिको रूपमा पाएको बताए ।

फिल्ममा अमर प्रताप श्रेष्ठ, वर्षा सिवाकोटी, रेजिना उप्रेती, प्रवीण खतिवडा, सरोज खनाल, दिलीप केसी, कमलमणि नेपाल, जीवन भट्टराई, सरोज अर्याल, अनामिका लामिछाने, स्नेहा भट्टराई, लाबिस लगायतको अभिनय छ । फिल्म मार्फत रेजिना उप्रेतीले १२ वर्षपछि कमब्याक गर्दैछिन् ।

फिल्मले पर्वत जिल्लाको मोदीबेनी क्षेत्रमा घटेको अविश्वसनीय घटनामा आधारित कथा भन्छ । फिल्मका निर्देशक शङ्कर कोइरालाले बताए । डिनेस्ट इन्टरटेनमेन्टको प्रस्तुतिमा बनेको फिल्म आनन्द विक्रम क्षेत्रीले लेखेका हुन् । दिलीप के.सी. निर्माता र हरि श्रेष्ठ सह-निर्माता रहेको फिल्ममा उत्सव दाहालको डिओपी, भरत रेग्मीको सम्पादन छ । फिल्म रिच इन्टरटेन्मेन्टले काठमाडौं उपत्यका र एफडी कम्पनीले उपत्यका बाहिर वितरण गर्दैछन् ।

# ‘पुजार सार्की’को ‘जाऊँ माया’ सार्वजनिक

**काठमाडौं (प्रस)–** यही जेठ १० गतेबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म ‘पुजार सार्की’को नयाँ गीत ‘जाऊँ माया’ सार्वजनिक गरिएको छ ।

गीतमा अभिनेता आर्यन सिग्देल र अभिनेत्री अञ्जना बराइलीको प्रेम प्राप्तिमा देखिएका पीडालाई देखाइएको छ भने मैतबहादुरको भूमिकामा रहेका अभिनेता प्रदीप खड्का र अभिनेत्री परीक्षा लिम्बुको प्रेम प्राप्तीको सकसलाई पनि स्थान दिइएको छ । गीतका दृश्यबाट अन्तर्रजातीय प्रेमबाट उब्जिएका सामाजिक र पारिवारिक समस्या प्रस्ट पार्न खोजिएको छ । गीतमा बि.पाण्डेले शब्द, केतन क्षेत्रीको स्वर र सुवास भुसालको सङ्गीत छ । ‘जाऊँ माया’ गीतका शब्दले समाजले प्रेम अस्वीकार गरेपश्चात् नौ डाँडा काटेर जान प्रेमीकालाई आग्रह गरेको कुरा जनाउँछ । फिल्ममा आर्यन सिग्देल, प्रदीप खड्का, पल शाह, अञ्जना बराइली, परीक्षा लिम्बु, मोहन निरौला, लोकेन्द्र लेखक, सुवास गजुरेल, विद्या कार्की, तारा शर्मा, शङ्कर आचार्य, प्रेम सुब्बा, गोविन्द रमण पराजुली, राजेश बिसुराल लगायतको अभिनय छ ।

फिल्मलाई दिनेश राउतले निर्देशन गरेका हुन् । सुवास भुसालको निर्माण रहेको फिल्म किङ्गडम नेटवर्कको ब्यानरमा बनेको हो । नेपालमा आरआर फिल्मसले वितरण गर्ने यो फिल्म अन्तर्राष्ट्रिय बजारमा एमएसएम इन्टरटेन्मेन्टले वितरण गर्दैछ । राजेश श्रेष्ठको छायांकन रहेको फिल्ममा भरत रेग्मीको सम्पादन छ ।

**रंगशाला**

# भौतिक पूर्वाधार निर्माणमा जोड

**काठमाडौं (प्रस)–** सरकारले आगामी वर्ष खेलकुदको भौतिक पूर्वाधारलाई विशेष प्राथमिकतामा राख्ने भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार संसद्मा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै खेलकुदको भौतिक पूर्वाधार निर्माणमा जोड दिइने बताए ।

‘खेलकुदको भौतिक पूर्वाधार निर्माणलाई उच्च प्राथमिकतामा राखिने छ,’ उनले भनेका छन् । राष्ट्रपति पौडेलले काठमाडौंको मुलपानी, मोरङको विराटनगर र कैलालीको फाप्ला क्रिकेट मैदानको निर्माण कार्यलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइने बताए ।

यसै गरी उनले चितवनको भरतपुरस्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट मैदानको निर्माण कार्य प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा प्राथमिकताका साथ अघि बढाइने बताए । सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानको स्तरोन्नतिसहित थप निर्माण कार्य पनि प्राथमिकताका साथ अघि बढाइने उल्लेख गरिएको छ ।

यसै वर्ष १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ । देशको सबैभन्दा वृहत् खेलकुद प्रतियोगिताको १०औं संस्करण कर्णाली प्रदेशमा हुने भनिएको छ । यसअघि कर्णाली प्रदेशमा वृहत् राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना भएको छैन ।

यसै गरी खेलकुदमा महिला सहभागिता बढाइने कुरा पनि नीति कार्यक्रममा उल्लेख गरिएको छ । देशको मौलिक र परम्परागत खेलको प्रवर्द्धन गर्ने तथा प्रतिभावान् खेलाडीको खोजी गर्न राष्ट्रियस्तरका प्रतियोगिता आयोजना गरिने विषय पनि नीति तथा कार्यक्रममा समेटिएको छ ।

अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली खेलाडीको सहभागिता बढाइने तथा आधुनिक प्रविधियुक्त अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने विषय पनि नीति तथा कार्यक्रममा समेटिएको छ ।

यसैगरी विद्यालस्तरमा शिक्षक र विद्यार्थीलाई खेलकुदको तालिम दिइने र खेलकुद क्षेत्रमा विशेष कार्यक्रमहरू सञ्चालन गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । यसैगरी अन्तर्राष्ट्रिय प्रतियोगिताका विजयी खेलाडीलाई पुरस्कार र सम्मानसहित जीवन निर्वाह भत्ताको व्यवस्था गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । सबैका लागि खेलकुद र योग अभ्यासको अवसर सृजना गरिने पनि उल्लेख छ ।

यसैगरी एक हजार युवालाई फेलोसिप उपलब्ध गराइने पनि राष्ट्रपतिले वाचन गरेको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । युवालाई फेलोसिप उपलब्ध गराउनका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिने र युवा स्वयंसेवी कार्यक्रम सञ्चालन गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

## छिन्नमस्ता गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
छिन्नमस्ता, सप्तरी, मधेश प्रदेश, नेपाल

### हुरी बतास तथा आगलागीबाट बच्नेसम्बन्धी जनहितमा जारी सन्देश

१. सलाई, लाइटरजस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले भेट्ने ठाउँमा नराखौं ।
२. खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।
३. चुरोट बिंडीजस्ता वस्तुहरु प्रयोगपश्चात जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
४. पेट्रोल, डिजेल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटरजस्ता सामाग्रीको प्रयोग नगरौं ।
५. आगलागीका घटना भएमा तत्काले दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
६. सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राख्ने व्यवस्था मिलाऔं ।
७. आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
८. आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।
९. आगोको वरिपरि छिटै सल्किने सामानहरु नराखौं ।
१०. वन तथा जंगलमा डढेलो नलगाऔँ, जनधन र वनको संरक्षण गरौं ।
११. हावाहुरी आउन थालेपछि घरको झ्यालढोका बन्द गरौं ।
१२. हावाहुरी तथा आगलागीबाट आफू पनि बचौं अरूलाई बचाऔं ।
१३. हावाहुरी चलेको समयमा छानाको हुकहरु के कस्तो अवस्थामा छ, सबै अनुगमन गरी हुक कसेर राखौं,
१४. छतका गमालाहरु सुरक्षित रूपमा मिलाएर राखौं,
१५. हावाहुरी चलेको समयमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
१६. हावाहुरी तथा आगलागीबाट हुने क्षति हुन नदिन वा कम गर्न पूर्वतयारी एवम सतर्कता अपनाऔं
१७. यस्तो समयमा केटाकेटी बालवच्चा र वुढाबुढीहरु तथा असाहय अपांगता भएकालाई मात्र घरमा नछोडौं ।
१८. कहीकतै आगलागी भइरहेको छ भने फोटा खिचेर भिडियो बनाएर नबसौं आगो नियन्त्रण गर्न तथा उद्दार गर्नतर्फ सचेत बनौं ।
१९. गाउँ–गाउँमा यस्ता घटना हुन नदिनको लागि तथा भइहालेमा के कसरी बच्न सकिन्छ भन्ने उपायहरूको जनचेतना अभियान चलाऔं ।
२०. संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई घटना हुन नदिनका लागि गरिने सरकारी तयारी साथै भइहालेमा उद्दार तथा राहत कार्यमा तत्परता देखाउन आ–आफनो ठाउँबाट खबरदारी गरौं ।

**गर्मी तथा हुरीबतासका समयमा आगलागीका घटनाहरू भइरहेका छन् । आफ्नो सानो कमजोरीले गर्दा पनि ठूलो धनजनको क्षति हुन सक्ने हुन्छ । सोबाट हुन सक्ने जनधनको न्यूनिकरण गर्न निम्नानुसार पूर्व तयारी अपनाऔं ।**

अनुसूची - २०

### मु.दे.का.नि.२०७५. नियम ५७ को खण्ड (ञ) सँग सम्बन्धित श्री सर्लाही जिल्ला अदालतबाट प्रकाशित भएको लिलामी सूचना

विगो नं. ३२ — फाँट:- “ख” — मिति:- २०८१/०१/२३

सूचना

वादी जिल्ला सर्लाही, हरिपुर न.पा. वडा नं. ६ बस्ने स्व.अजिज मियाँ मंसुरको छोरा जमिरुदिन मंसुर र प्रतिवादी देश भारत हैदराबाद 1-11-2561c124, plot नं. २४ गगन विहार कोलोनी बेक्सपेत हैदरावाद ५०००१६, AP हाल जिल्ला सर्लाही हरिपुर नगरपालिका वडा नं.६ स्थित Vishwa-BVSR(JV) समेत भएको करार बमोजिमको दायित्व पूरा गराई भाडा समेतको रकम दिलाई पाउँ मुद्दामा यस अदालतबाट मिति २०८०/०२/२३ गतेमा भएको अन्तिम फैसला बमोजिम प्रतिवादीबाट भराई पाउने ठहरेको विगो रकम रु.४३,९७,४१६/३१/- प्रतिवादीबाट भराई पाउँ भनी वादीको दरखास्त परी कारवाही हुँदा प्रतिवादीले वादीलाई बुझाउनु पर्ने फैसलानुसारको रुपैया दाखिल गर्न नल्याएकोले मिति २०८१/०२/३० गते सम्ममा पाईने जम्मा विगो रु.४३,९७,४१६/३१/- प्रतिवादीको तपसिलमा लेखिएको सम्पत्ति लिलाम गरी वादीको उक्त विगो भराउनु परेकोले यो लिलामी सूचना प्रकाशित गरिएको छ । लिलाम सकार गर्न इच्छुक नेपाली नागरिकले उक्त मिति २०८१/०२/३० गतेको दिन र सो दिन विदा परे सोको भोलिपल्ट १० बजे यस सर्लाही जिल्ला अदालतमा उपस्थित भई डाँक बोली लिलाम सकार गर्नु होला । जसले कायम भएको न्यूनतम पंचकृर्ते मूल्यबाट बोलकबोल हुँदा बढि अङ्क बोल्दछ, उसैको नाउँमा लिलाम सकार गराईनेछ । डाँक लिलामको बखत बोलकबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्नेछ । बाँकी बोलकबोल रकमको डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिला गर्नु पर्नेछ । त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुन: डाँक लिलामको सूचना प्रकाशन गरिनेछ । सकार गरेको सम्पत्तिको चलन पूर्जी दिई चलन समेत चलाई दिइनेछ । पछि थाहा पाएका भनी कुनै कुराको उजुर बाजुर लाग्ने छैन ।

**लिलाम हुने सम्पतिको विवरण**

| सि.नं. | सवारीको संकेत नम्बर | सवारीको विवरण | मूल्यांकन रकम |
|---|---|---|---|
| १ | CG-13D/8207 S.L.N 08NHB01-5885 | कम्पनी भल्भो, १२ चक्का टिपर थान-१, chesis no. YV2JSGOG8A8892169 Engine no:- 230791 | रु. ३७५,०००/- |
| २ | CG-13D/8205 SI No. 09NHB01-5892 | कम्पनी भल्भो, १२ चक्का टिपर थान-१, chesis no. YV2JSGOG4A8892170 Engine no:- 230796 | रु. ३२५,०००/- |
| ३ | CG-13D/8218 S.L.N. 09NHBOI-5894 | कम्पनी भल्भो, १२ चक्का टिपर थान-१, chesis no. YV2JSGOGXA8892173 Engine no:- 230746 | रु. ३५०,०००/- |
| ४ | CG-13D/8217 S.L.N 09NHBOI-5894 | कम्पनी भल्भो, १२ चक्का टिपर थान-१, chesis no. YV2JSGOG1A8882174 Engine no:- 230753 | रु. ४००,०००/- |
| ५ | GJW12BE/0037 | कम्पनी- ASIAN MOTOR WORKS, १० चक्का टिपर थान-१, chesis no. MBYB24900BJA21282, Engine no:- 84021209 | रु. ३१५,०००/- |
| ६ | GJW12BE/0042 | कम्पनी- ASIAN MOTOR WORKS, १० चक्का टिपर थान-१, chesis no. MBYB24900BJA21279, Engine no:- 84021287 | रु. ३००,०००/- |
| ७ | GJW12BE/0040 | कम्पनी- ASIAN MOTOR WORKS, १० चक्का टिपर थान-१, chesis no. MBYB24900BJA21285, Engine no:- NA | रु. ३५०,०००/- |
| ८ | GJW12BE/0039 | कम्पनी- ASIAN MOTOR WORKS, १० चक्का टिपर थान-१, chesis no. MBYB24900BJA21275, Engine no:- 84021508 | रु. ४००,०००/- |
| ९ | AMW MBYB24900BJA21283 | कम्पनी- ASIAN MOTOR WORKS, १० चक्का टिपर थान-१, chesis no. MBYB24900BJA21283, Engine no:- 62729008 | रु. ३००,०००/- |
| १० | CASE 450/2012 | कम्पनी- CASE 450, पिचर रोलर (सानो) थान-१, chesis no. S12D0445, Engine no:- V4A12LT12029 | रु. ३५०,०००/- |
| ११ | CASE 1107/2012 | कम्पनी- CASE 1107, पिचर रोलर थान-१, chesis no. P11K2344, Engine no:- 06-3503/1100134 | रु. ४००,०००/- |
| १२ | GREAVES, BW212/2012 | कम्पनी- GREAVES, पिच रोलर थान-१, chesis no. 223400821959, Engine no:- 06.3504/1200026 | रु. ४००,०००/- |

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : NAS MANPOWER COMPANY**

पुर्व स्वीकृति मिति २०८१/०१/०७ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०१ — LT. No. 303614 — चलानी नं. ६०२१८३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 50 | 0 | 1800 | ६३,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी : SAMI AND MOAZ ABDULRAHMAN AL-LUHAIDAN COMPANY FOR TRADING, CONTRACTING AND TRANSPORT**

पुर्व स्वीकृति मिति २०८१/०१/२१ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०१ — LT. No. 304115 — चलानी नं. ६०२१८८९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 22 | 0 | 1800 | ६३,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी : NASHI BIN MISFER AL MUTAIRI LOGISTICS SERVICES COMPANY IS ONE PERSON**

पुर्व स्वीकृति मिति २०८१/०१/१३ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०१ — LT. No. 303853 — चलानी नं. ६०२१८६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ९ गते (22nd May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## बहराइन/कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL TAWFEEK MAINTENANCE SERVICES CO. WLL**

पुर्व स्वीकृति मिति: २०८०/१२/२७ — LT. No. 304407 — चलानी नं. ६०२१९४२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workers | 3 | 2 | 100 | ३५,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी : ASODA FACILITIES MANAGEMENT AND SERVICES**

पुर्व स्वीकृति मिति: २०८१/०१/३० — LT. No. 304408 — चलानी नं. ६०२१९४२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४४,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electric Tech. | 2 | 0 | 1200 | ४४,०४० | | | | | | | |
| 3 | Foreman | 2 | 0 | 2500 | ९१,७५० | | | | | | | |
| 4 | Hr Manager | 1 | 0 | 5700 | २०९,१९० | | | | | | | |
| 5 | Labour | 5 | 0 | 1000 | ३७,००० | | | | | | | |
| 6 | Plumber | 3 | 0 | 1200 | ४४,०४० | | | | | | | |

**कम्पनी : AL RAYYAN PROJECTS MANAGEMEN**

पुर्व स्वीकृति मिति: २०८१/०१/३० — LT. No. 304659 — चलानी नं. ६०२१९४२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 40 | 0 | 1000 | ६४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |


**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ९ गते (22nd May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Chinari Overseas Pvt. Ltd.**
Govt. License 1165/073/074
P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १३८१०० | प्रति तोला – १३७४५० | प्रति तोला – १७१५ |

## नेपालमा लगानी गर्न चेम्बरको आग्रह



■ प्रभाव संवाददाता

**काठमाडौं–** निजी क्षेत्रका उद्योगी तथा व्यवसायीको छाता संस्था नेपाल चेम्बर अफ कमर्सले नेपालमा लगानी गर्न पोल्याण्डलाई आग्रह गरेको छ । नेपाल र पोल्याण्डबीचको कूटनीतिक सम्बन्ध ६५ वर्ष पुगेको अवसरमा नेपाल चेम्बर अफ कमर्स र नेपालका लागि दिल्लीस्थित पोल्याण्डका आवासीय कार्यवाहक राजदूत डा सवेस्टियन डोमजाल्स्कीबीचको भेटमा चेम्बरले पोल्याण्डलाई लगानी गर्न आग्रह गरेको हो ।

भेटमा चेम्बरका अध्यक्ष कमलेश अग्रवालले दुई मुलुकबीच आर्थिक सम्बन्ध विस्तारका लागि नेपालको ग्रीन हाइड्रोजनमा लगानी गर्न कार्यवाहक राजदूतसमक्ष आग्रह गरे । 'नेपालमा ग्रीन हाइड्रोजन उत्पादनको सम्भावना उच्च छ, विश्वमै यसको माग उच्च छ, पोल्याण्ड र नेपालको पुरानो कूटनीतिक सम्बन्ध भएको मुलुक भएकाले पनि लगानीका लागि नेपाल आर्कषक गन्तव्य हो', अध्यक्ष अग्रवालले भने ।

उनले नेपालमा अन्तर्राष्ट्रिय लगानीका लागि नीतिगत तवरमै सहजीकरण गरिने र लगानीको प्रतिफलको सुनिश्चितता गरिएको उल्लेख गरे । अध्यक्ष अग्रवालले नेपालको जलविद्युत्, पर्यटन, खानीलगायतका क्षेत्रमा लगानी गर्नसमेत डा सवेस्टियनसमक्ष आग्रह गरे । उक्त भेटमा आवासीय कार्यवाहक राजदूत डा सवेस्टियनले नेपालको चिया र कफीको बजार सम्भावना खोज्न सकिने बताएका थिए । दुई देशबीचको कूटनीतिक सम्बन्ध निकै पुरानो भएकाले आर्थिक दृष्टिकोणले फाइदा खोज्नुपर्ने उनको भनाइ थियो ।

## धितोपत्रको कमिसन घट्यो

**काठमाडौं (प्रस)–** नेपाल धितोपत्र बोर्डले धितोपत्र व्यवसायीको सेवाशूल्क (कमिसन) घटाएको छ । अर्थमन्त्रालयको स्वीकृतिपछि कमिसन घटाइएको बोर्डले जनाएको छ । 'धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ४३ बमोजिम अनुसूची १४ मा रहेको धितोपत्र दलाली वापत लिनसक्ने सेवा शूल्क हेरफेरका लागि स्वीकृति प्रदान भई आएकोमा उक्त हेरफेर २०८१ जेठ १ गतेदेखि लागु हुने निर्णय भएको छ', बोर्डले भनेको छ ।

यसअघि रु ५० हजारसम्मको कारोबारमा शून्य दशमलव ४० प्रतिशत सेवा शूल्क लिन पाउने व्यवस्था रहेकोमा त्यसलाई घटाएर शून्य दशमलव ३६ प्रतिशत कायम गरिएको छ । त्यस्तै, रु ५० हजारदेखि रु पाँच करोडसम्मको कारोबारमा शून्य दशमलव ३७ प्रतिशत सेवा शूल्क रहेकोमा त्यसलाई घटाएर शून्य दशमलव ३३ प्रतिशत कायम गरिएको छ । बोर्डका अनुसार रु पाँच लाखदेखि रु २० लाखसम्मको कारोबारमा शून्य दशमलव ३४ प्रतिशत सेवा शूल्क लाग्दै आएको त्यसलाई शून्य दशमलव ३१ प्रतिशतमा झारिएको छ ।

# बूढीगण्डकी र नलगाड निर्माण घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्षदेखि दुई ठूला जलविद्युत् आयोजनाको निर्माण सुरु गर्ने भएको छ । निर्माणमा जान तयार रहेका ती आयोजनाको आवश्यक स्रोतको जोहो गरेर निर्माण सुरु गरिन लागेको हो । सङ्घीय संसदको संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को सरकारको नीति तथा कार्यक्रममा बूढीगण्डकी जलविद्युत् आयोजना र नलगाड जलाशययुक्त आयोजनाको निर्माण अगाडि बढाउने उल्लेख छ ।

एक हजार दुई सय मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणको पूर्व तयारीको काम सम्पन्न भइसकेको छ । मुआब्जा वितरणलगायतका काम अन्तिम चरणमा पुगेको छ । आयोजनाको शीघ्र शिलान्याश गर्ने प्रधानमन्त्री पुष्पकमल दाहालले बताउँदै आएका छन् ।

धादिङ र गोरखाको सीमा भएर बहने बूढीगण्डकी नदीमा निर्माण हुने सो आयोजनालाई बहुउद्देश्यीय बनाउने समेत सरकारको सोच छ । यस्तै, चार सय १७ मेगावाट क्षमताको नलगाड आयोजनाको समेत विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ । सो आयोजना निर्माणका लागि सरकारले आवश्यक तयारी गरेको छ । सरकारले नीति तथा कार्यक्रममा जलस्रोतको समग्र विकास र उपयोगका लागि राष्ट्रिय ऊर्जा नीति र जल तथा मौसम विज्ञान नीतिका साथै जलस्रोत, ऊर्जा दक्षता तथा नवीकरणीय ऊर्जा, सिँचाइ, नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन सम्बन्धी कानून कार्यान्वयनमा ल्याउने भएको छ ।

आगामी आर्थिक वर्षभित्र राष्ट्रिय प्रणालीको कुल विद्युत् जडित क्षमता चार हजार पाँच सय मेगावाट बराबर पुग्नेछ । चालु आवको अन्त्यसम्म नै कूल जडित क्षमता तीन हजार पाँच सय मेगावाट बराबर पुग्दैछ । प्रतिव्यक्ति विद्युत् खपत चार सय ५० किलोवाट घण्टा पुर्‍याउने सरकारको लक्ष्य छ । हाल प्रतिव्यक्ति विद्युत् खपत तीन सय ८० किलोवाट घण्टा बराबर पुगेको छ । सौर्य ऊर्जाको समेत विद्युत् खरिद सम्झौता गरी ऊर्जा मिश्रणको अवधारणा कार्यान्वयनमा ल्याउने सरकारको नीति तथा कार्यक्रममा समावेश छ ।

दुधकोशी जलाशययुक्त जलविद्युत् आयोजनाको निर्माणपूर्वका कार्य सम्पन्न गर्ने सरकारको योजना छ । सो आयोजनामा एशियाली विकास बैंकलगायतका बहुपक्षीय दातृ निकायले लगानीको प्रतिबद्धता जनाएका छन् ।



आव २०८१/८२ को नीति तथा कार्यक्रम

त्यस्तै, माथिल्लो अरुण जलविद्युत् आयोजनामा समेत विश्व बैंक, एशियाली विकास बैंकलगायतले लगानीको प्रतिवद्धता जनाएको छ । यसैगरी, फुकोट कर्णाली, तामाकोशी-५, जगदुल्ला, चैनपुर सेती जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनसहित कार्यान्वयन सुरु गर्ने सरकारको संकल्प छ ।

रेमिट हाइड्रोको अवधारणामा घुन्सा र सिम्बुवा जलविद्युत् आयोजनाको निर्माण सुरु गर्ने सरकारको लक्ष्य छ । कूल १० हजार आठ सय मेगावाट क्षमताको कर्णाली-चिसापानी जलविद्युत् आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरिने भएको छ । सो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन कार्य नेपाल विद्युत् प्राधिकरणले गरिरहेको छ ।

राष्ट्रिय तथा अन्तरदेशीय उच्च क्षमताका विद्युत् प्रसारण लाइनको सुदृढीकरण, बिस्तार एवम् स्तरोन्नति गर्ने सरकारको योजना छ । त्यस्तै, हेटौंडा-ढल्केबर-इनरुवा प्रसारण लाइनको निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । बूढीगण्डकी कोरिडोर प्रसारण लाइन, न्यू बुटवल-गोरखपुर खण्डको प्रसारण लाइन निर्माण अघि बढाउने सरकारको लक्ष्य छ । यसैगरी, इनरुवा-पूर्णिया र दोदोधारा-बरेली अन्तरदेशीय प्रसारण लाइनको लगानी विधि तय गरी निर्माण प्रारम्भ गर्ने महत्वाकाक्षी लक्ष्य सरकारले लिएको छ ।

राष्ट्रिय विद्युत् प्रणालीमा नजोडिएका र विद्युत् पहुँच नपुगेका क्षेत्रमा लघु तथा साना जलविद्युत्, सौर्य एवम् वायु ऊर्जा प्रविधिमार्फत विद्युतीकरण गर्ने सरकारको नीति छ । आगामी आर्थिक वर्षभित्र कर्णाली र सुदूरपश्चिम प्रदेशका बाँकी क्षेत्रमा विद्युतीकरण गर्ने सरकारको योजना छ । विद्युत् वितरण सबस्टेसनलाई स्वचालित बनाउने एवम् स्थानीय तहसमेतको समन्वयमा स्मार्ट मिटर वितरण गर्ने कार्यक्रम अगाडि सारिएको छ ।

सिँचाइ, कृषि र कृषिमा आधारित उद्योगले खपत गर्ने विद्युत्मा सहुलियत प्रदान गरिनेछ । परम्परागत ऊर्जा र एलपी ग्यासलाई प्रतिस्थापन गर्न बायो ग्यास, विद्युतीय चुलो, सुधारिएको चुलोलगायतका स्वच्छ एवम् किफायती प्रविधिको प्रवर्द्धन तथा बिस्तार गर्ने योजना अगाडि सारिएको छ । चालु आर्थिक बर्षको नीति तथा कार्यक्रममा ऊर्जामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने लक्ष्य राखिएको थियो । सोही बमोजिम झण्डै ९८ प्रतिशत नागरिकमा ऊर्जाको पहुँच पुगेको छ ।

### वित्तीय संस्थाका समस्या समाधान गरिने

सरकारले बैंक, वित्तीय संस्था, लघुवित्त तथा सहकारीका क्षेत्रमा देखिएका समस्या समाधानका आवश्यक पहल गर्ने बताएको छ । त्यस्तै वार्षिक नीति तथा कार्यक्रममा बैंक, वित्तीय संस्था, लघुवित्त तथा सहकारीका क्षेत्रमा देखिएका समस्या समाधानका आवश्यक पहल गर्ने उल्लेख गरेको छ ।

बैंक तथा वित्तीय संस्थाका समस्या समाधानका लागि कानुनी तथा नीतिगत प्रबन्ध र केही नयाँ व्यवस्थासमेत कार्यन्वयन गर्ने नीति सरकारले लिन लागेको हो । 'नियमन र सुपरिवेक्षणलाई सुदृढ गर्दै वित्तीय क्षेत्रलाई स्वस्थ, प्रतिस्पर्धी र भरपर्दो बनाइनेछ । बैङ्क तथा वित्तीय संस्था, लघुवित्त, सहकारी, बीमा र पूँजीबजारमा देखिएका समस्या समाधान गर्न विभिन्न समयमा भएका अध्ययनबाट प्राप्त सुझावहरू क्रमशः कार्यान्वयन गरिनेछ । लघुवित्तका ऋणीहरूको कर्जा पुनर्तालिकीकरण तथा पुनःसंरचना गरिनेछ', सरकारको नीति तथा कार्यक्रममा भनिएको छ, 'सहकारी संस्थाहरू स्थापनाको उद्देश्यअनुरूप सञ्चालन हुनुपर्ने व्यवस्था गरिनेछ । सहकारी नीतिलाई समयानुकूल बनाइनेछ ।'

सहकारी संस्थाको सघन सुपरिवेक्षण र नियमनका लागि विशिष्टीकृत नियामक निकाय स्थापना गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । त्यसैगरी सहकारी बचत तथा कर्जा सुरक्षण कोष, सहकारी कर्जा सूचना केन्द्र र सहकारी कर्जा असूली न्यायाधीकरणमार्फत सहकारी क्षेत्रको बचत तथा लगानीको सुरक्षा गरिने जनाइएको छ ।

'सहकारी संस्थाहरू अनिवार्य रूपमा सहकारी तथा गरिबीसम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था गरिनेछ । सरकारको शेयर स्वामित्व भएका साझा सहकारी संस्थालाई एकीकरण गर्ने व्यवस्था मिलाइनेछ । बचत तथा ऋण सहकारीलाई एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ', सरकारको वार्षिक नीति तथा कार्यक्रममा भनिएको छ ।

मुलुकभित्र व्यावसायिक वातावरण निर्माण गरी उद्योगी व्यवसायीको मनोबल बढाइने नीति पनि सरकारले लिएको छ । छरिएर रहेका साना पुँजी एकत्रित गरी ठूला परियोजना कार्यान्वयन गर्न एवम् बन्द भएका उद्योग कलकारखाना सञ्चालन र व्यवस्थापन गर्न निजी लगानी कम्पनीलाई प्रोत्साहन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

'निजी क्षेत्र प्रतिस्पर्धी भएका र गोरखकाली रबर उद्योग, बुटवल धागो कारखाना, हेटौंडा कपडा उद्योगलगायतका बन्द तथा रुग्ण अवस्थामा रहेका सार्वजनिक संस्थान सम्भाव्यताको आधारमा सार्वजनिक-निजी साझेदारी वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन र सञ्चालन गरिनेछ', राष्ट्रपति पौडेलले नीति तथा कार्यक्रम सार्वजनिक गर्दै भने ।

राजस्व बाँडफाँटलाई समन्यायिक, सन्तुलित र अनुमानयोग्य बनाइने विषय पनि नीति तथा कार्यक्रममा राखिएको छ । त्यसैगरी, खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय हस्तान्तरण गरिनेछ जनाइएको छ ।

## कर्पोरेट

### मुक्तिनाथ विकास बैंकद्वारा स्टेसनरी वितरण



**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंकले २ विद्यालयका करिब २ सय विद्यार्थीलाई स्टेशनरी सामाग्री प्रदान गरेको छ । बैंकले शिक्षा तथा बालबालिकाहरूको हितसम्बन्धी विभिन्न सामाजिक उत्तरदायित्व अन्तरगत कामहरू गर्दै आएको हो । सोही क्रममा बैंकले धादिङस्थित बद्रीविशाल मा. वि. र स्वर्णिम एकाडेमीका १ सय ८२ विद्यार्थीहरूलाई चाहिने स्टेशनरी सामानहरू (जस्तै कपि, कलम, पेन्सिल, पेन, आदि) हस्तान्तरण गरेको छ । उक्त हस्तान्तरण कार्यक्रममा बैंकका संचालक तथा कर्मचारीहरू, विद्यालयका शिक्षक तथा पदाकारीहरूको उपस्थिति रहेको थियो । यस सहयोगबाट मुक्तिनाथ विकास बैंकले विद्यार्थीहरूमा शिक्षाप्रति थप उर्जा ल्याउन मद्दत पुग्ने विश्वास लिएको छ ।

### एमजी ४ इभीले पायो २०२४ को उत्कृष्ट कारको उपाधि




**काठमाडौं (प्रस)–** नेपाली बजारमा प्रवेश गरेको थोरै समयमै एमजी कारले विश्व बजारमा पनि एक पछि अर्को सफलता हात पार्दै आएको छ । यही क्रममा एमजी ४ इभीले हालै २०२४ को उत्कृष्ट कारको उपाधि हात पारेको छ । न्युजिल्याण्डको प्रख्यात संचार कम्पनी स्टफद्वारा आयोजित 'टप कारस् २०२४' नामक अवार्ड समारोहमा निर्णायक मण्डलको मन जित्दै एमजी ४ इभीले शिर्ष उपाधि जित्न सफल भएको छ । अवार्ड समारोहको निर्णायक मण्डलका एक सदस्य क्यामरुन अफिसरले भने, 'एमजीको प्रशंसा गर्ने हामी पहिलो होइनौं। एमजी४को यो न्यूजील्याण्डमा मात्रै नवौं पुरस्कार जित हो ।' गत वर्ष नेपाली बजारमा कदम राखेको पूर्णरूपमा विद्युतिय कार एमजी ४ इभी सहज यात्रा तथा किफायती मूल्यको लागि प्रसिद्ध छ । २०२२मा बजारमा आएको एमजी४ इभीले 'बेष्ट भ्यालू इलेक्ट्रिक कार २०२३', 'कार अफ द यर २०२३', ' बेष्ट भ्यालू इलेक्ट्रिक कार २०२२', र टप गिएर अवार्ड २०२२ मा 'बार्गेन अफ द यर' जस्ता विभिन्न उपाधिहरू हासिल गर्दै आएको छ ।

सय वर्ष लामो इतिहास बोकेको विश्वव्यापी रूपमा चर्चा कमाउन सफल बेलायति ब्राण्ड एमजिले नेपालमा पनि अत्याधुनिक प्रविधि, किफायति मूल्य, सहज यात्रा र वातावरण मैत्री विशेषताहरूले गर्दा लोकप्रियता कमाउँदै आएको छ । ३०० भन्दा धेरै दक्ष इन्जिनियरहरूले युरोपेली ईन्जिनियरिङ्ग प्राविधिक केन्द्रमा परिक्षण गरेर निर्माण गरेका एमजिका सवारी साधनहरू यूरोपेली कानून र ग्राहकहरूको मागको उचित सम्बोधन गर्नमा प्रसिद्ध छ । यसका साथै एमजि सवारी साधनका सम्पूर्ण भित्री तथा बाहिरी डिजाईनहरू बेलायतका प्रख्यात डिजाईनर तथा इन्जिनियरहरूले गर्छन् ।

एमजिको नेपालको लागि आधिकारिक वितरक एवम् आयातकर्ता पारामाउन्ट मोटर्स प्रा.लि.ले हाल नेपालमा एमजि४ ईभि, एमजि जेडएस ईभि, एमजि कोमेट ईभि गरी ३ वटा मोडेलका विद्युतिय र एमजि हेक्टर, एमजि एचएस, र एमजि एसटर गरी ३ वटा मोडेलका ईन्धन गाडीहरू बिक्रि वितरण गर्दै आएको छ ।

### सिटी एक्सप्रेसको सांगीतिक कार्यक्रम युएईमा




**काठमाडौं (प्रस)–** सिटी एक्सप्रेस मनी ट्रान्सफरले युएईस्थित बरदुबईको एसके-७ क्लबमा सांगीतिक कार्यक्रम आयोजना गर्ने भएको छ । मे १९ मा हुने कार्यक्रममा नेपालका प्रसिद्ध कलाकारहरूले प्रस्तुती दिने छन् । चर्चित हास्य कलाकार तथा सिटी एक्स्प्रेस मनी ट्रान्सफरका ब्रान्ड एम्बेस्डर जितु नेपाल, चर्चित आधुनिक गायिका मिलन नेवार, लोकप्रिय लोकदोहोरी गायक खेम सेन्चुरी, गायिका शान्ती श्री परियार र कलाकार अन्जली अधिकारीले बिशेष प्रस्तुती दिने बताइएको छ ।

## धनपालथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सोराभाग, मोरङ, कोशी प्रदेश, नेपाल**

### हुरी बतास तथा आगलागीबाट बच्नेसम्बन्धी जनहितमा जारी सन्देश

**गर्मी तथा हुरीबतासका समयमा आगलागीका घटनाहरू भइरहेका छन् । आफ्नो सानो कमजोरीले गर्दा पनि ठूलो धनजनको क्षति हुन सक्ने हुन्छ । सोबाट हुन सक्ने जनधनको न्यूनिकरण गर्न निम्नानुसार पूर्व तयारी अपनाऔं ।**

१. सलाई, लाइटरजस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले भेट्ने ठाउँमा नराखौं ।
२. खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।
३. चुरोट बिँडीजस्ता वस्तुहरु प्रयोगपश्चात जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
४. पेट्रोल, डिजेल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटरजस्ता सामाग्रीको प्रयोग नगरौं ।
५. आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
६. सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राख्ने व्यवस्था मिलाऔं ।
७. आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
८. आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।
९. आगोको वरिपरि छिटै सल्किने सामानहरु नराखौं ।
१०. वन तथा जंगलमा डढेलो नलगाऔं, जनधन र वनको संरक्षण गरौं ।
११. हावाहुरी आउन थालेपछि घरको झ्यालढोका बन्द गरौं ।
१२. हावाहुरी तथा आगलागीबाट आफू पनि बचौं अरूलाई बचाऔं ।
१३. हावाहुरी चलेको समयमा छानाको हुकहरु के कस्तो अवस्थामा छ, सबै अनुगमन गरी हुक कसेर राखौं,
१४. छतका गमालाहरु सुरक्षित रूपमा मिलाएर राखौं,
१५. हावाहुरी चलेको समयमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
१६. हावाहुरी तथा आगलागीबाट हुने क्षति हुन नदिन वा कम गर्न पूर्वतयारी एवम सतर्कता अपनाऔं
१७. यस्तो समयमा केटाकेटी बालवच्चा र वुढाबुढीहरु तथा असाहय अपांगता भएकालाई मात्र घरमा नछोडौं ।
१८. कहीकतै आगलागी भइरहेको छ भने फोटा खिचेर भिडियो बनाएर नबसौं आगो नियन्त्रण गर्न तथा उद्दार गर्नतर्फ सचेत बनौं ।
१९. गाउँ-गाउँमा यस्ता घटना हुन नदिनको लागि तथा भइहालेमा के कसरी बच्न सकिन्छ भन्ने उपायहरूको जनचेतना अभियान चलाऔं ।
२०. संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई घटना हुन नदिनका लागि गरिने सरकारी तयारी साथै भइहालेमा उद्दार तथा राहत कार्यमा तत्परता देखाउन आ-आफनो ठाउँबाट खबरदारी गरौं ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ